नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
( प्रशासन शाखा )

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४४१४३९१

पो.ब.नं. ४०७
लाजिम्पाट, काठमाडौँ
मिति २०८१/०५/१६ गते।
ने.सं. ११४४ गुँलाथ्वा १४ आइतबार

# प्रेस विज्ञप्ती-०६

## " एभरट्रष्ट बचत तथा ऋण सहकारी संस्था लि. को रकम हिनामिना गर्ने उपाध्यक्ष सहित ५ जना पक्राउ''

एभरट्रष्ट बचत तथा ऋण सहकारी संस्था लि., काठमाडौं जिल्ला , का.म.पा. वडा नं. ०७, चुच्चेपाटीमा कार्यालय खडा गरि संचालक समितिका पदाधिकारी र कर्मचारीहरु समेतको मिलेमतोमा वचतकर्ता/सदस्यहरुले जम्मा गरेको निक्षेप रकम प्रचलित कानून विपरित कर्जा तथा सम्पत्तिहरुमा गैह्रकानुनी रुपमा लगानी गरी संस्थाको वार्षिक प्रतिवेदनहरुमा समेत बास्तविक अवस्था लुकाई संस्थामा रहेको निक्षेप रकम व्यक्तिगत लाभको लागी प्रयोग गरी सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याई, निक्षेपकर्ताहरुलाई आर्कषक ब्याजदर दिन्छु भनि प्रलोभन देखाई निक्षेपकर्ताको रकम सहकारी मुद्दती, निक्षेप, आवधिक बचत, शेयर तथा विभिन्न बचत खातामा जम्मा गर्न लगाई मासिक/त्रैमासिक/वार्षिक रुपमा ब्याज पाउने र निर्धारित अवधि नाघेपछि निक्षेपको सम्पूर्ण साँवा, ब्याज फिर्ता पाउने विश्वासका साथ उक्त संस्थामा बचतकर्ताहरुले जम्मा रकमको साँवा, ब्याज फिर्ता नदिई पटक-पटक ताकेता गर्दा पनि फिर्ता नदिएकोले आफ्नो निक्षेप जोखिममा रहेको ठानी सम्बन्धीत संस्थाका कर्मचारी तथा पदाधिकारीहरुलाई लामो समय देखि ध्यानाकर्षण गराउँदा समेत नियमानुसार पाउनु पर्ने निक्षेप तथा सोको ब्याज रकम उपलब्ध गराईदिने तर्फ आवश्यक पहल नगरी कार्यलय बन्द गरि बचतकर्ताहरुको गरेको **रु. १५,९१,०४,७३६/- (पन्ध्र करोड एकानब्बे लाख चार हजार सात सय छत्तीस रुपैयाँ)** बचत रकम अपचलन तथा हिनामिना गर्ने संचालक समितिका उपाध्यक्ष बबिता डंगोल सहित ५ जनालाई काठमाण्डौ जिल्ला काठमाडौंका विभिन्न स्थानबाट मिति २०८१/०५/१४ गते पक्राउ गरी मुलुकी अपराध संहिता २०७४ को दफा २४९ को ठगी सम्बन्धी कसुरमा सम्मानित काठमाडौ जिल्ला अदालतबाट **दिन ८ (आठ)** को म्याद थप भई आवश्यक अनुसन्धान कार्य भैरहेको।

## पक्राउ भएका व्यक्तिको विवरण :

१) **नाम:-** बविता डंगोल
**वतन:-** काठमाडौं जिल्ला, का.म.पा. वडा नं. ०४ बालुवाटार
**पद:-** उपाध्यक्ष
**वर्ष:-**३९

२) **नाम:-** कान्छाभाई डंगोल
**वतन:** जिल्ला काठमाडौं, का.म.न.पा. -०५, हाँडीगाउँ
**पद:-** सचिव
**वर्ष :-**५७

३) **नाम:**- विष्णु प्रसाद फुयाँल

**वतन:**-जिल्ला ओखलढुगा, कुन्तादेवी गाउँपालिका वडा नं.-३ हाल जिल्ला काठमाडौं, कागेश्वरी मनोहरा वडा नं. ८

**पद:**- कोषाध्यक्ष

**वर्ष:** ३७

४) **नाम:**- रामलाल महर्जन

**वतन:**- जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. ०८, सुवहाल

**पद:**- सदस्य

**वर्ष:** ४८

५) **नाम:**- अमरभाई बज्राचार्य

**वतन:**- जिल्ला भक्तपुर, साबिक भक्तपुर न.पा. वडा नं. १७ हाल भक्तपुर न.पा. १ घर भई जिल्ला काठमाडौं,टोखा न.पा.-८, ग्रिनल्याण्ड

**पद:**- सदस्य

**वर्ष:** ४६

**पुनश्च:**- उल्लेखित सहकारीबाट ( शाखाहरू समेत) पीडित निक्षेपकर्ताहरुले यथाशिघ्र यस ब्यूरोमा सम्पर्क गर्न हुन समेत अनुरोध गरिएको छ ।

प्रहरी उपरीक्षक

(होबिन्द्र बोगटी)

प्रवक्ता एवं सूचना अधिकारी

सम्पर्क नम्बर: ९८५१२९१३११